पुनर्वास कार्य योजना (RAP) प्रतिवेदनको कार्यकारी सारांश

१. परिचय

नेपालको राष्ट्रिय विद्युत प्रसारण प्रणालीको सुदृढीकरणका लागि आवश्यक देखिएको भरतपुर-वर्दघाट २२० के.भी. प्रसारण लाईनको निर्माण नेपाल विद्युत प्राधिकरणद्वारा भइरहेको छ । विश्व बैकको ऋण सहायता तथा नेपाल सरकार एवं नेपाल विद्युत प्राधिकरणको लगानीमा निमार्णाधीन यो प्रसारण लाईन तयार भएपछि देशमा उपलब्ध विद्युत शक्तिलाई माग अनुसार एउटा भौगोलिक क्षेत्रबाट अर्को भौगोलिक क्षेत्रसम्म प्रसारण गर्न सकिन्छ । निर्माणाधीन र भविष्यमा निर्माण हुने जलविद्युत केन्द्रहरुबाट उपलव्ध हुने विद्युत शक्ति समेत यसै लाइनद्वारा देशका विभिन्न भागमा प्रसार गर्न सकिनेछ ।

देशमा विद्यमान रहेको एकीकृत प्रसारण प्रणालीमा निर्माणाधीन भरतपुर-वर्दघाट २२० के.भी. प्रसारण लाइनको महत्वपूर्ण भूमिका हुनेछ किनकि यो आयोजना नेपालको मध्य भागमा रहेकोले देशको पश्चिमी क्षेत्रमा उत्पादन हुने विद्युतशक्तिलाई माग वढी हुने पूर्वी क्षेत्रमा प्रवाह गर्न सहज हुनेछ । यसबाट ऊर्जा क्षेत्रमा रहेको माग र आपूर्ति वीचको असन्तुलन हट्न गई समग्र देशको आर्थिक विकासमा समेत टेवा पुग्ने छ ।

आयोजनाको प्रस्तुत पुनर्वास कार्ययोजना (Resettlement Action Plan, RAP) प्रतिवेदन नेपालको प्रचलित ऐन/नियम तथा विश्व बैंकको नीति/मार्गदर्शन अनुरुप तयार पारिएको छ ।

२. आयोजनाको परिचय

भरतपुर-वर्दघाट २२० के.भी. प्रशारण लाईन ७३.५ कि.मी. लामो हुनेछ । चितवन जिल्ला, भरतपुर नगरपालिकाको आँपटारीमा बन्ने नयाँ-भरतपुर सवस्टेशनबाट शुरु भई यो प्रसारण लाइन नवलपरासी जिल्लाको माकर गा.वि.स. स्थित विद्यमान वर्दघाट सवस्टेशनमा पुगेर टुंगिन्छ । प्रसारण लाइन मार्गमा चितवन जिल्लाको एउटा नगरपलिका र नवलपरासी जिल्लाको १४ गा.वि.स. हरु पर्दछन् । प्रस्तावित भरतपुर–बर्दघाट प्रसारण लाईनले नेपालको मध्य तथा पश्चिम भागको दुन उपत्यका, चुरे पर्वत र तराई क्षेत्र पार गर्दछ । प्रसारण लाईनको अधिकांश भाग (करिब ८०%) वनक्षेत्र भएर गएको छ भने १८% भाग कृषियोग्य जमीनमा पर्दछ र बाँकी भागले सडक/खोलानाला आदि पार गर्दछ ।

प्रसारण लाईनमा प्रयोग हुने टावरको औषत उचाई ४५ मिटर हुनेछ भने प्रत्येक टावरको जगको क्षेत्रफल औषतमा १२.५ मि. X १२.५ मि.हुनेछ । एक टावर देखी

अर्को टावर बीचको दूरी औषत ३५० मी. र प्रसारण लाइनको अधिकार सीमा (Right of Way, RoW) ३० मी. (केन्द्र देखी दाँया १५मी वायाँ १५ मी) को हुनेछ ।

प्रसारण लाइन रेखाङ्कन गर्दा सकेसम्म बस्तीहरु, भौतिक तथा धार्मिक संरचनाहरु, विद्यालय र अन्य सामुदायिक संरचनाहरु छल्ने प्रयास गरिएको छ । आयोजनाको निर्माण अवधि करिब २ वर्षको हुनेछ । प्रसारण लाईन निर्माणमा करिब २५० जना व्यक्तिहरु संलग्न रहनेछन् जसमध्ये ४० जना जति दक्ष, ६० जना जति अर्धदक्ष र १५० जना जति अदक्ष कामदारहरु रहने आंकलन गरिएको छ । अदक्ष कामदारहरु सम्भव भएसम्म स्थानीय हुनेछन् ।

३. अध्ययन विधि

पुनर्वास कार्ययोजना प्रतिवेदन तयार गर्ने सिलसिलामा प्राथमिक तथा सहायक दुवै प्रकारका तथ्याङ्ककहरुको सहयोग लिइएको छ । प्राथमिक तथ्याङ्क संकलनमा गुणात्मक र परिमाणात्मक दुवै अनुसन्धान विधिहरुको प्रयोग गरिएको छ । प्रतिवेदनको तैयारी गर्दा यस सम्वन्धमा उपलव्ध प्रकाशित सामाग्रीको पुनरावलोकन, गा.वि.स. स्तरीय सूचना संकलन, आयोजना प्रभावितहरु बारे गरिएको सर्वेक्षण तथा प्रभावित भौतिक सम्पती (नीजि तथा सार्वजनिक) को लगतको विश्लेषण आदि प्रयोग गरिएको छ ।

अध्ययनको क्रममा कूल १०५ वटा आयोजना-प्रभावित घरधुरीको सर्भेक्षण, १३ ठाउँमा सहभागीतामूलक ग्रामीण लेखाजोखा कार्याक्रम (Participatory Rapid Appraisal, PRA), १० ठाउँमा वजार सर्भेक्षण, ७ ठाउँमा लक्षित समूदाय छलफल (Focused Group Discussion, FGD) तथा ५ ठाउँमा मुख्य सूचकहरुसंगको सर्भेक्षण कार्य (Key Information Survey, KIS) सम्पन्न गरिएका थिए । उल्लेखित तरिकाहरुको अलावा स्थानीय सरकारी तथा गैह्र-सरकारी निकायहरुसंग समेत अनौपचारिक छलफल/परामर्श गरिएको थियो ।

विश्व बैंकको सामाजिक सुरक्षा नीतिअनुसार यदि कुनै विकास आयोजना सञ्चालन हुँदा ब्यक्तिलाई भौतिक तथा आर्थिक रुपबाट विस्थापित हुनेगरी निजको जग्गा तथा सम्पत्ती अधिग्रहण गर्नुपरेमा बैंकको अस्वैच्छिक पुनर्वास नीति आकर्षित हुने भएकोले RAP तयारी अनिवार्य हुनेछ । अस्वैच्छिक पुनर्वास नीतिको मुख्य सिद्वान्तअनुसार सम्भव भएसम्म अस्वैच्छिक पुनर्वासको अवस्था आउन नदिने अथवा न्यूनमात्र गर्ने । यदि पुनर्वास नै गराउने स्थिति आएमा कम्तिमा पनि प्रभावित ब्यक्तिहरुको आयोजना-प्रभाव पूर्वको जीवनस्तर नघट्ने किसिमले प्रभाव न्यूनीकरण गराउनु हो ।

आयोजनाको पुनर्वास कार्ययोजना प्रतिवेदनले घरधुरीलाइ दुई श्रेणीमा विभाजन गरेको छ :-

१. टावरले प्रभावित पारेका घरधुरी,
२. प्रसारण लाइन मार्गमा परेका घरधुरी/संरचना

आयोजना संचालन गर्दा घर, जग्गा वा दुबै सम्पत्ती स्थायी रुपमा अधिग्रहणमा पर्ने परिवारहरुलाई प्रस्तुत प्रतिवेदनमा "आयोजना प्रभावित परिवार (Project Affected Family, PAF)" भनी देहायअनुसार परिभाषित गरिएको छ :–

- सीमान्तकृत रुपमा प्रभावित घरधुरी :– आफ्नो स्वामीत्वमा रहेको कूल जमीनको १०% भन्दा कम क्षति हुने घरधुरी ।
- गम्भीर रुपमा प्रभावित घरधुरी :– आफ्नो स्वामीत्वमा रहेको कूल जमीनको १०% भन्दा बढी क्षति हुने घरधुरी । आवासीय संरचनामा क्षति हुने घरधुरीहरु समेत यसै कोटीमा पर्दछन् ।

यस आयोजनाबाट कूल १०८ घरधुरीहरु प्रभावित हुनेछन् । यी मध्ये १०५ घरधुरीहरुको सर्भेक्षण गरी निमार्णपूर्वको सामाजिक-आर्थिक अवस्थाको सूचना संकलन गरिएको छ । बाँकी ३ घरधुरीका सम्वन्धीत व्यक्तिहरु फेला परेनन् ।

४. नीति पुनरावलोकन

आयोजना संचालन गर्दा प्रस्तावकले नेपाल सरकारको कानूनी प्रावधानहरु एवं विश्व बैंकको वातावरणीय तथा सामाजिक सुरक्षा नीतिहरुको पालना गर्नेछ । प्रस्तुत प्रतिवेदन तयार गर्दा देशमा प्रचलित ऐन/नियमहरु जस्तै : जग्गा प्राप्ति ऐन, स्थानीय स्वायत्त शासन ऐन, विद्युत नियमावली, विश्व श्रम संगठनको माहासन्धी तथा विश्वबैंकको वातावरणीय तथा सामाजिक सुरक्षा नीतिहरुको पुनरावलोकन गरिएको छ ।

५. सम्वद्धहरुबीच परामर्श एवं गुनासो व्यवस्थापन

यसप्रतिवेदन तयार गर्दा सरोकारवाला व्यक्ति तथा संघसंस्थासंग वृहत छलफल गरिएको थियो । स्थानीय व्यक्तिहरुद्वारा उठाईएका विषय तथा व्यक्त गरिएका चासोहरुमा प्राप्त हुने क्षतिपूर्ति, जीवनस्तर सुधारका कार्यक्रमहरुको संचालन, क्षति-न्यूनीकरण/वातावरणीय अभिवृद्धि कार्यक्रमरुको संचालन, भौतिक संरचना तथा सामुदायिक सहयोग कार्यक्रम सम्बन्धी पर्दछन् । वहुसंख्यक क्षेत्रका व्यक्तिहरुद्वारा प्रसारण लाईन मार्गप्रति विमति जनाईएको छैन । तर प्रस्तुत प्रतिवेदन तयारीका लागि २०६८ मंसीरमा भएको अध्ययनको क्रममा पाईएअनुसार हसौराक्षेत्र (शिवमन्दिर गा.वि.स.) तथा सुनटाँडीक्षेत्र (दुम्कीवास

गा.वि.स.) का वासिन्दाहरुद्वारा भने प्रसारण लाईन मार्गप्रति केही असहमति जनाईएको थियो ।

जग्गा तथा अन्य सम्पत्तीको क्षतिपूर्ति वितरण प्रकृयामा उत्पन्न हुनसक्ने असहमतिका विषयहरु सुनुवाईको लागि एउटा गुनासो सम्वोधन संरचना स्थापना गरिने छ । जग्गा अधिग्रहण तथा पुनर्स्थापना इकाईमा गुनासो-दर्ता पुस्तिका खडा गरिनेछ । आयोजना प्रभावित एवं स्थानीय व्यक्तिहरुले उक्त इकाईमा आफ्ना उजुरीहरु दिन पाउनेछन् ।

६. आयोजना क्षेत्रको विद्यमान अवस्था

सर्वेक्षण गरिएका आयोजना प्रभावित १०५ घरधुरीका जम्मा ६८३ जनसंख्या मध्ये ५१.८३% पुरुष र ४८.१७% महिला छन् भने ती घरधुरीको औषत परिवार संख्या ६.५ रहेको छ । ६ वर्ष उमेर भन्दा माथिका व्यक्तिहरु मध्ये १२.४४% निरक्षर छन् । साक्षर महिला र पुरुषको संख्या बीच ठूलो खाडल छ । आयोजना क्षेत्रमा जाति/जनजातिको विविधता पाईन्छ । सर्भेक्षण गरिएका घरधुरीमध्ये २.८६% तामाङ्ग (सीमान्तकृत समूह), ४७.०२% ब्राम्हण/क्षेत्री र २२.८६% विपन्न वर्ग (गुरुङ्ग र मगर) पर्दछन् । सर्भेक्षण गरिएकामध्ये करिब ४०% घरधुरी नेपाल सरकारद्वारा सूचीकृत जनजाति र आदिवासी वर्गमा पर्दछन् । आयोजना प्रभावित परिवारमध्ये सूचीकृत समूहमा पर्ने आदिवासी र जनजातिमा थारु, गुरुङ्ग, मगर, कुमाल र तामाङ्ग छन् । नेपाली भाषा मुख्य भाषाको रुपमा रहेको पाईन्छ जो ६५.७% ले बोल्दछन् । अन्य भाषाहरुमा मगर (१५.२%), थारु (१२.४%) र गुरुङ्ग (६.७%) रहेका छन् ।

सर्भेक्षण गरिएका घरधुरीको मुख्य पेशामा कृषि, सेवा, दैनिक ज्यालादारी, व्यवसाय/साना उद्योग पर्दछन् । आयोजना प्रभावित क्षेत्र न्यून-खाद्यान्न उत्पादन हुने क्षेत्र हो । सर्भेक्षण गरिएका घरधुरीमध्ये ४८.६% ले मात्र वर्षभरी पुग्ने खाद्यान्न उब्जाउन सक्दछन् ।

सर्भेक्षण गरिएका घरधुरीहरुको औषत वार्षिक आम्दानी रु १,५२,६८२।- पाईएको छ । यसमध्ये गैह्र-कृषिबाट ८७.१३%, कृषिबाट ७.३२% र पशुपालनबाट ५.५४% रहेको छ । त्यस्तैगरी, सर्भेक्षण गरिएका घरधुरीहरुको औषत वार्षिक खर्च रु. १,२३,०३७।- रहेको छ । कूल खर्चमध्ये प्रमुखमा खाद्यान्न पर्दछ जसले ४२.६५% हिस्सा ओगट्छ । प्रभावित घरधुरीहरुको औषत जमीन-स्वामीत्व ०.४९ हे. रहेको छ । यस क्षेत्रमा मुख्यतः धान, मकै, गहुँ, तोरी, गेडागुडी, आलु आदिको खेती गरिन्छ । कृषिको साथसाथै पशुपालन व्यवसाय पनि पेशाको रुपमा अपनाइएको पाईन्छ । सर्भेक्षण गरिएकामध्ये करिब ८३% घरधुरीले पशुपालन समेत गर्दछन् । सर्भेक्षण गरिएकामध्ये ६०% ले आयोजना निर्माणप्रति सकारात्मक धारणा राखेको

पाइयो भने १३.३३% ले नकारात्मक धारणा राखेका र १३.३३% तटस्थ रहेको पाइएका छन् । त्यस्तै २५.७१% ले रोजगारीको अपेक्षा राखेका छन्, ४६.६७% ले राम्रो क्षतिपूर्तिको अपेक्षा राखेका छन् भने २०.९५% ले स्थानीय विकासमा टेवा पुग्ने अपेक्षा राखेका छन् ।

७. प्रभाव मूल्याङ्कन

यस आयोजनाको कार्यान्यनबाट पर्ने मुख्य सामाजिक, सास्कृतिक तथा आर्थिक प्रभावहरुमा ४३ घरधुरीको जग्गामा निर्माण हुने ४३ वटा टावरहरुको लागि ०.६७३ हेक्टर जग्गा अधिग्रहण हुनेछ । आयोजनाले ६२ घरधुरीहरुको ६२ वटा घर, ४१ वटा गोठ, ३० वटा चर्पी र १५ वटा भान्साघरहरु प्रभावित पार्नेछ । यी संरचनाहरु प्रसारण लाईनको ३० मिटर सीमाभित्र पर्दछन् । जम्मा प्रभावित घरहरु मध्ये २९ (४६.७७%) वटा कच्ची, २२ (३५.४८%) वटा अर्धपक्कि र ११(१७.७४%) वटा पक्कि घरहरु पर्दछन् । कच्ची घरहरुको भित्ता माटो, काठ र बांस तथा छानो खर वा टायलबाट निर्माण गरिएको छ भने अर्धपक्कि घरहरुको भित्ता सिमेन्ट, ईट्टा र काठ तथा छानो जस्तापाताबाट बनाईको छ । पक्कि घरहरुको भित्ता सिमेन्ट र ईट्टाबाट र छानो RCC ढलानको छ । आयोजनाले १०२ वटा निजी स्वामीत्वका रुखहरु, फूटबल मैदान, चौतारी, गुम्बा, वसुन्धरादेवी मन्दिर र अन्य २ वटा व्यक्तिगत मन्दिरहरु पनि प्रभावित पार्न सक्नेछ ।

८. न्यूनीकरण तथा अभिवृद्धि सम्वन्धी उपायहरु

आंकलन गरिएका नकरात्मक प्रभावहरुको न्यूनीकरणका निमित्त सुहाउँदो उपायहरुको प्रस्ताव गरिएको छ । यस पुनर्वास कार्ययोजना प्रतिवेदन कार्यान्वयन गर्दा निम्नलिखित प्रभाव- न्यूनीकरणका उपायहरुको अवलम्वन गरिने छ :-

क. निजि सम्पत्ती (घर/टहरा तथा यिनीहरुले चर्चेको जमीन, रुख, आदि) को प्रतिस्थापन मूल्य वरावरको क्षतिपूर्ति दिइने छ ।

ख. जुन व्यक्तिको घर पुनःस्थापना गर्नुपर्ने छ त्यस्ता व्यक्तिहरुको लागि स्थान्तरण खर्च, यातायात खर्च ,घरभाडा खर्च आदि समेत उपलब्ध गराईने छ ।

ग. जीवीकोपार्जनका निमित्त प्रभावित व्यक्तिहरुको लागि विभिन्न प्रकारका सीप विकास तथा कृषिजन्य तालिम कार्यक्रमहरु संचालन गरीने छ जसवाट व्यक्तिको आयस्तरमा वृद्धि हुनेछ ।

घ. सार्वजनिक सेवा क्षेत्रहरु, सांस्कृतिक तथा धार्मिक महत्वका क्षेत्रहरुको स्थानान्तरण स्थानीय सरोकारवालाहरुको सहभागीताका आधारमा गरिनेछ ।

ङ. स्वास्थ्य, सुरक्षा र सरसरसफाइका वारेमा जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

९. संस्थागत व्यवस्था

आयोजना व्यवस्थापन तथा RAP कार्यान्वयनको सम्पूर्ण जिम्मेवारी भरतपुर–वर्दघाट २२० के.भी. प्रसारण लाईन आयोजनाको हुनेछ । पुर्नवास कार्ययोजना प्रतिवेदनमा उल्लेखित व्यवस्था कार्यान्वयन गर्न केन्द्रीयस्तर तथा आयोजनास्तरमा संस्थागत व्यवस्थाहरुको पहिचान तथा प्रस्ताव गरिएको छ । केन्द्र स्तरमा वातावरण तथा सामाजिक अध्ययन विभाग (ने.वि.प्रा.), ऊर्जा मंत्रालय तथा विद्युत विकास विभाग पर्दछन् । पछिल्ला दुई निकायहरुले मूलतः कार्यान्वयनको अनुगमन गर्नेछन् । आयोजनास्तरमा आयोजना प्रमुख/जग्गा अधिग्रहण तथा पुनःस्थापना इकाइ, भरतपुर–वर्दघाट वातावरण तथा सामाजिक अनुगमन इकाई, क्षतिपूर्ति निर्धारण कमिटि, स्थानीय परामर्शदातृ मञ्च, निर्माण ठेकेदार तथा जिल्ला स्तरीय निकायहरु पर्दछन् । दातृ निकायले विशेषतः ऋण संझौतामा उल्लेखित कुराहरु पालना भए/नभएको अनुगमन गर्दछन् ।

१०. कार्यान्वयन तालिका

पुनर्वास कार्ययोजना प्रतिवेदनका कार्यक्रमहरु २ वर्षको अवधिमा कार्यान्वयन गरिनेछन् ।

११. अनुगमन

पुनर्वास कार्ययोजना प्रतिवेदन कार्यान्वयनको अनुगमनका लागि केन्द्रीय र आयोजना स्तरीय व्यवस्था गरिएको छ । केन्द्रीय स्तरमा ने.वि.प्रा.को वातावरण तथा सामाजिक अध्ययन विभागद्वारा प्रतिवेदन कार्यान्वयन तथा सोको अनुगमन हुनेछ । ऊर्जा मंन्त्रालय र विद्युत विकास विभागद्वारा समेत अनुगमन हुनेछ । आयोजनाको कार्यालय, वातावरण तथा सामाजिक व्यवस्थापन इकाई, क्षतिपूर्ति निर्धारण समिति, स्थानीय परामर्शदातृ मञ्च, निर्माण ठेकेदार आदि पनि यस प्रतिवेदन कार्यावन्यनप्रति जवाफदेही हुनेछन् ।

१२. वजेटको व्यवस्था

पुनर्वास कार्ययोजनामा ब्यवस्था भएअनुसारको अनुगमन तथा प्रभाव न्यूनीकरणका कार्यक्रमहरु सञ्चालन गर्न रु. ५ करोड २६ लाख लागत लाग्ने अनुमान गरिएको छ र सोही अनुसारले वजेटको व्यवस्था गरिएको छ ।